# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली चैत्र १३ गते आईतबार, २०७८ साल, (संख्या १८)

भाग -३

## गौरीगङ्गा युवा परिषद् सञ्चालन कार्यविधि,२०७८

प्रस्तावनाः गौरीगङ्गा नगरपालिकाका युवाहरूको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै उनीहरूको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, सीप, उद्यमशलिताका माध्यमबाट स्वास्थ्य, अनुशासित र स्वरोजगार युवाहरूको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि नीति निर्माण देखि कार्यान्वयन सम्म युवाहरूको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायमा युवाहरूलाई नगर विकासको मूल प्रवाहमा समाहित गर्न वाञ्छनीय भएकोले, गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ को अधिकार प्रयोग गरी गौरीगङ्गा नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः–**

१) यस कार्यविधिको नाम “गौरीगङ्गा युवा परिषद् सञ्चालन कार्यविधि, २०७८” रहेको छ ।

२) यो कार्यविधि प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

गौरीगङ्गा राजपत्र

क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यस कार्यविधिको अधीनमा रही कार्यपालिका वा नगर सभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

घ)"परिषद् भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम स्थापना भएको गौरीगङ्गा युवा परिषद् सम्झनुपर्छ ।

ङ) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएको गौरीगङ्गा नगरपालिकामा बसोबास भएको नेपाली नागरिक व्यक्ति सम्झनुपर्छ ।

च) "विशेष समुदायको युवा" भन्नाले यस नगरपालिका भित्र बसोबास गर्ने द्वन्द्व पीडित, जोखिममा परेका, दलित, जनजाति, गरिबीको रेखा मुनी रहेका, अपाङ्गता भएका वा सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ ।

छ) "सदस्य" भन्नाले गौरीगङ्गा युवा परिषद्का पदाधिकारी, सदस्य र सदस्य सचिव समेतलाई जनाउँछ ।

ज) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकालाई जनाउँछ ।

झ) "क्लब" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम नगरपालिका भित्रका टोल र वडामा गठन हुने युवाहरूको क्लबलाई जनाउँछ ।

## परिच्छेद–२
## परिषद्को स्थापना र गठन

**३. परिषद्को स्थापनाः –**

१) प्रस्तावनामा उल्लेखित कार्यहरू गर्न कालागि नगरपालिकामा एक युवा परिषद् रहनेछ।

२) नगर युवा परिषद्को कार्यालय गौरीगङ्गा नगरपालिका कार्यपालिकाको कार्यालयमा रहनेछ।

३) परिषद्ले नगरपालिकाको पूर्व स्वीकृति लिई नगरपालिकाभित्र अन्य स्थानमा पनि सम्पर्क कार्यालय सञ्चालन गर्न सक्नेछ ।

**४. परिषद् स्वशासित र सङ्गठित संस्था हुनेः**

१) परिषद् एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२) परिषद्को काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

गौरीगंगा राजपत्र

३) परिदले कार्यपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ । तर परिदले अचल सम्पत्ति बेच बिखन गर्नु अघि अनिवार्य रूपमा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

४) परिदले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५) परिदले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्वनिर्वाह गर्न सक्नेछ ।

**५.परिषद्को गठन, काम,कर्तव्य र अधिकारः** १) युवा परिषद्को गठन देहाय बमोजिम हुनेछः

क) नगर प्रमुख – अध्यक्ष

ख) नगर प्रमुखले मनोनयन गरेको एक जना युवा –उपाध्यक्ष

ग) युवाको क्षेत्रमा योगदान गरेका मध्ये कार्यपालिकाले मनोनीत गरेका एक जना महिला सहित दुई जना युवा –सदस्य

घ) वडा स्तरीय युवा क्लबबाट परिदले मनोनीत गरेको एक जना महिला समेत दुई जना – सदस्य

ङ) विशेष समुदायबाट परिसद्ले मनोनीत गरेको एक जना महिला समेत दुई जना –सदस्य

च) प्रमुख, सामाजिक विकास शाखा – सदस्य

छ) प्रमुख, स्वास्थ्य शाखा – सदस्य

ज) प्रमुख, नगर प्रहरी / दमकल शाखा – सदस्य

झ) अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा – सदस्य सचिव

२. मनोनीत सदस्यहरुको पदावधि तीन वर्षका हुनेछ ।

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा नगरपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

४. उपनियम (३) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सपाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

५. दफा (५) को उपदफा(१) को खण्ड (ख) बमोजिमको उपाध्यक्ष पद कालागि न्यूनतम शैक्षिक योग्यता उच्च माध्यमिक तह पास गरेको, युवाको हक, हितको संरक्षण वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको प्रतिष्ठित युवा मध्येबाट मनोनयन गर्नु पर्नेछ ।

गौरीगंगा राजपत्र

६. मनोनीत सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आधारभूत शिक्षा (कक्षा १२) उत्तिर्ण भएको हुनुपर्नेछ ।

**६. परिषद्को काम, कर्तव्य र अधिकारः** १) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने ।

ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेस गर्ने ।

ग) परिषद्सँग आबद्धता प्राप्त गर्ने सङ्घ संस्थाहरूले पालना गर्नु पर्ने सर्तहरू निर्धारण गर्ने ।

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

ङ) युवालाई नगरपालिका तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने ।

च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट प्रस्ताव गरी नगरपालिकामा पेस गर्ने ।

छ) युवा विकास, सशक्तीकरण एवं मूल प्रवाहीकरण सम्बन्धी विषयमा सङ्घीय सरकार,प्रदेश सरकार र नगरपालिकालाई राय सुझाव दिने ।

ज) नगर स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

झ) युवामा विशेष सिप र उद्यमशीलता तथा नेतृत्व विकास सम्बन्धी कार्यहरू गर्ने ।

ञ) राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय तथा सहकार्य गर्ने।

ट) परिषद्को लागि आवश्यक कर्मचारीको दरबन्दी संख्यानिर्धारण गरी प्रस्ताव गर्ने ।

ठ) युवाका क्षेत्रमा सङ्घ, प्रदेश तथा अन्य स्थानीय तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने ।

ड) युवाहरू बिच नवप्रवर्तन तथा विशेष क्षमता अभिवृद्धिका कार्यहरू गर्ने ।

ढ) बाल क्लब, बाल सञ्जाल तथा अन्य सङ्घ संस्थासँग समन्वय र सहकार्य गरी सामाजिक विकृति तथा कुप्रथा अन्त्य गर्न पहल गर्ने ।

ण) नगरलाई बाल मैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा तथा कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने ।

त) बालबालिका, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरू र महिलाहरूका हितमा कार्यहरू गर्ने

थ) तोकिएका अन्य कार्यहरू गर्ने ।

**७. परिषद्को बैठक र निर्णयः** १) परिषद्को बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर दुई बैठक बिचको अन्तर सामान्य तीन महिनाभन्दा बढी हुने छैन ।

२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) परिषद्को बैठक हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य–सचिवले सदस्यहरूलाई दिनु पर्नेछ ।

४) परिषद् तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

५) परिषद्को बैठकको अध्यक्षतामा अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी छुट्टै किताबमा राख्नु पर्नेछ ।

८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

**८. कार्यकारी समितिको गठनः** १) परिषद्को कार्यकारी निकायको रूपमा एक कार्यकारी समिति रहने छ ।

२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

क) परिषद्को उपाध्यक्ष – संयोजक

ख) परिषद्का सदस्यहरू मध्येबाट कम्तीमा एक जना महिला रहने गरी परिषद्ले मनोनीत गरेका तीन जना – सदस्य

ग) नगरपालिकाले तोकेको कर्मचारी सदस्य –सचिव

३) उपनियम (२) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधि कालागि हुनेछ ।

**९. कार्यकारी समितिको बैठक र निर्णयः** १)कार्यकारी समितिको बैठक सामान्यतया मासिक रूपमा र आवश्यकताअनुसार बस्नेछ ।

२) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संयोजकको अनुपस्थितिमा सदस्य–सचिवले समितिका सदस्यहरूसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

४) कार्यकारी समितिको बैठक हुनु भन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य–सचिवले समितिका सदस्यहरूलाई दिनेछ ।

५) कार्यकारी समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

७) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) कार्यकारी समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

९)कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०)कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** १) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेस गर्ने ।

ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

घ) युवालाई विकासको मूल प्रवाहमा परिचालन गर्न अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने ।

ङ) युवासम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने ।

च) परिषद्को मातहतमा रही दैनिक कार्य सञ्चालन गर्ने ।

छ) परिषद्को निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

गौरीगङ्गा राजपत्र

## परिच्छेद–४

## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

**११. युवा क्लबको गठनः** १)नगरपालिका क्षेत्रका टोल/ समुदाय स्तरमा युवा क्लबहरू गठन गरिनेछ ।

२) सम्बन्धित टोल/समुदाय स्तरमा युवाहरूको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरी युवाक्लवको कार्य समिति गठन गर्नेछ ।

३) उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ ।

क) सम्बन्धित सम्बन्धित टोल समुदायमा बसोबास गरेको ।

ख) उमेर १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४) उपदफा (३) बमोजिम गठन भएको युवाक्लवको कार्यसमितिले नगरपालिकाको कार्यालयमा दर्ता/सूचीकृत वा आबद्धताको लागि निवेदन दिनु पर्नेछ ।

५) नगरपालिकाको कार्यालयमा दर्ताका लागि युवा क्लवहरु बाट उपदफा (४) बमोजिम र वडाको सिफारिसमा निवेदन प्राप्त भएमा सूचीकृत आबद्धता वा दर्ता गरी प्रमाण-पत्र दिनुपर्नेछ ।

६) युवाक्लवले सम्बन्धित वडाको जनप्रतिनिधि समावेश गरी बढीमा ५ जनासम्म रहेको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

७) अन्य निकायमा दर्ता भएका युवा क्लबहरूले नगरपालिकामा सूचीकृत वा आबद्धता प्रमाण पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न सक्ने छन्।

८) युवा क्लबले सञ्चालन गरेका कार्यक्रमहरू तथा अन्य काम कुरामा सम्बन्धित वडा समितिको कार्यालयले रेखदेख, अनुगमन तथा मार्गदर्शन गर्न सक्नेछ ।

९) उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु वडा क्लबको कर्तव्य हुनेछ ।

१०) युवा क्लबमा एकै टोल समुदायमा वा वडामा बसोबास रहेका कम्तीमा २५ जना युवा साधारण सदस्य रहेको हुनु पर्नेछ ।

**१२. युवा क्लबको काम, कर्तव्य र अधिकारः** १) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

२) परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

गौरीगंगा राजपत्र

३) नगरपालिका तथा वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवा अधिकार बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४) लागु औषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरूमा सक्रियता पूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति, परिषद् तथा नगरपालिका सँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

६) राष्ट्रिय युवा परिषद् प्रदेश युवा परिषद् नगर युवा परिषद् र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा सञ्चालन नहुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

८) वडा स्तरमा युवाको तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

९) परिषद् तथा वडा युवा सञ्जालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

**१३. युवाक्लवको बैठक सम्बन्धी व्यवस्थाः** १) युवाक्लवको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

२) कुल पदाधिकारी सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

३) बैठक महिनामा १ पटक अनिवार्य बस्नु पर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

५) बैठक सम्बन्धी अन्य व्यवस्था युवा क्लब आफैंले निर्धारण गर्नेछ ।

**१४. वडा युवा सञ्जाल सम्बन्धी व्यवस्थाः** १) वडाभित्र क्रियाशील रहेका टोल समुदाय स्तरका युवा क्लबका प्रतिनिधि रहेको छुट्टै वडा स्तरीय युवा सञ्जाल गठन गरिनेछ ।

२) वडा स्तरीय युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र ६ देखि १० जनासम्म सदस्य रहनेछन् ।

३) वडा स्तरीय युवा सञ्जालको संरक्षक वडा अध्यक्ष हुनेछ ।

गौरीगंगा राजपत्र

४) आमन्त्रित गरिएको बखत युवा सञ्जालको बैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिहरूको कर्तव्य हुनेछ ।

५) वडा युवा सञ्जालको कामकारबाही सञ्चालन तथा बैठक व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने फर्निचर, मसलन्द लगायतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाइदिनु पर्नेछ ।

६) वडा युवा सञ्जालको बैठक सम्बन्धी व्यवस्था यस कार्यविधिको दफा (१३) मा उल्लेखित युवाक्लवको बैठक सम्बन्धी व्यवस्था बमोजिम नै हुनेछ ।

७) वडा स्तरीय युवा सञ्जालको काम, कर्तव्य र अधिकार यस कार्यविधिको दफा १२ मा उल्लेखित युवाक्लवको काम कर्तव्य र अधिकार बमोजिम नै हुनेछ । यस बाहेक वडा युवा सञ्जालले देहायका थप कार्यहरू समेत सम्पादन गर्नुपर्नेछ ।

क) वडा भित्र रहेका युवा क्लबहरू बिच सम्पर्क समन्वय र अनुगमन गर्ने ।

ख) सम्पर्क र अनुगमन कार्यक्रममा देखिएका समस्याहरू बैठकमा छलफल गरी वडाका जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने ।

ग) वडा स्तरमा सञ्चालन हुने युवा सम्बन्धी र अन्य कार्यक्रमहरूमा सक्रियता पूर्वक सहभागी हुने ।

घ) नगर स्तरीय युवा सञ्जालसँग निकट सम्पर्कमा रहने र नगर युवा सञ्जालको निर्देशन बमोजिमका कार्यहरू सम्पादन गर्ने ।

ङ) टोल समुदाय स्तरमा युवा क्लबहरूको गठन र सञ्चालन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।

च) वडा युवा सञ्जालको नगरपालिकामा आबद्धता दर्ता कोलागि आवश्यक कागजात सहित निवेदन दिई प्रमाणपत्र लिने ।

(छ) नगरपालिकाले सञ्चालन गरेको बालमैत्री नगर घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रूपले सहभागी हुने ।

(ज) नगरपालिकाले सञ्चालन गरेका अभियानमूलक अन्य कार्यक्रमहरूमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागी हुने ।

**१५. गौरीगङ्गा युवा सञ्जालको गठनः**१) वडा युवा सञ्जालका सबै प्रतिनिधि संलग्न हुने गरी एक गौरीगङ्गा युवा सञ्जाल गठन गरिनेछ ।

२) नगर युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र १० जना सदस्य रहनेछन् ।

३) नगर युवा सञ्जालको गठन समावेशीका आधारमा गरिनेछ ।

गौरीगङ्गा राजपत्र

४) नगर युवा सञ्जालको संरक्षकत्व नगर प्रमुखमा निहित रहने छ । युवा सञ्जालले बढीमा ७जना रहने गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

५) नगरपालिकाका प्रमुख, उपप्रमुख र कार्यपालिका सदस्यलाई नगर युवा सञ्जालले बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६) नगर युवा सञ्जालको कार्यालय सञ्चालन तथा बैठक व्यवस्थापन सम्बन्धी कार्यको लागि आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामानको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

**१६. युवा सञ्जालको काम, कर्तव्य र अधिकारः** १) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

२) परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

३)नगर स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवा अधिकार, बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४) लागु औषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरूमा सक्रियता पूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति, परिषद् तथा नगरपालिकासँगको समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

६)राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद्, नगर युवा परिषद् र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा सञ्चालन नहुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

७) युवाको तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

८) नगरपालिकाले सञ्चालन गरेको बालमैत्री नगर घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रूपले सहभागी हुने ।

९) नगरपालिकाले सञ्चालन गरेका अभियानमूलक अन्य कार्यक्रमहरूमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागी हुने ।

१०) परिदले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

**१७.युवा क्लब र युवा सञ्जालको कार्यकाल /कार्यविधिः** १) टोल समुदाय स्तरमा गठन भएका युवा क्लब तथा वडा र नगर स्तरमा गठन भएका युवा सञ्जालको कार्यकाल गठन भएका मितिले दुई वर्षको हुनेछ ।

२) कार्यकाल समाप्त भएको १५ दिन भित्र युवा भेलाले क्लब गठन गरी यस कार्यविधिको दफा

११ बमोजिमको प्रक्रिया पूरा गरी वडा कार्यालयमा सूचीकृत लागि निवेदन दिनु पर्नेछ ।

## परिच्छेद ५

## परिषद्सँग आबद्धता र कार्यक्रम सञ्चालन

**१८. युवा सम्बन्धी सङ्घ, संस्थालाई आबद्धता प्रदान गर्नेः** १)युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएका नगरपालिका क्षेत्र भित्रका र नगरपालिका भित्र काम गर्न चाहने सङ्घ संस्था परिषद्मा अनिवार्य आबद्ध हुनु पर्नेछ ।

२)आबद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

३)उपनियम (२) बमोजिम निवेदन दिने सङ्घ संस्थालाई आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा कार्यकारी समितिले रु ५००।– दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आबद्धता प्रदान गर्न सक्नेछ ।

४)उपनियम (३) बमोजिम आबद्ध भएका सङ्घ संस्थाले प्रत्येक १ वर्षमा रु २००।– दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

५)उपनियम (३) बमोजिम परिषद्सँग आबद्ध भएका सङ्घ संस्थाबाट कार्यान्वयन नभएका कार्यक्रमहरूको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र परिषद् समक्ष पेस गर्नु पर्नेछ ।

६) प्रचलित कानुन विपरीत कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आबद्धता नवीकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा सङ्घ संस्थाको आबद्धता रद्द गर्न सकिनेछ ।

८) नगरपालिकाभित्र युवा सम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनै सङ्घ संस्थाले कुनै निकायबाट कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषद्को पूर्वस्वीकृति लिनुपर्नेछ ।

**१९. कार्यक्रम सञ्चालन गर्न सक्नेः** १) दफा १८ बमोजिम परिषद्सँग आबद्ध भएका युवा क्लबवा सङ्घ, संस्थाले आफ्नो विधानको अधीनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद–६

## उपाध्यक्ष तथा कर्मचारी सम्बन्धी व्यवस्था

**२०.उपाध्यक्ष सम्बन्धी व्यवस्थाः** १) गौरीगङ्गा युवा परिषद्को कार्यकारी प्रमुखको रूपमा काम गर्न परिषद्को उपाध्यक्षलाई जिम्मेवारी प्रदान गरिनेछ ।

२) उपाध्यक्षले नगर कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ ।

३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरूपको आचरण नगरेमा, पदीय जिम्मेवारी पुरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

५) उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सपाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

**२१.उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** १) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परिषदबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वियन गर्ने, गराउने ।

ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेस गर्ने ।

ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्न गराउने ।

घ) परिषदबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने ।

च परिषदबाट तोकिए बमोजिमका अन्य काम गर्ने ।

**२२. कर्मचारी सम्बन्धी व्यवस्थाः** १) परिषद्को कार्य सञ्चालन गर्न परिदले सिफारिस गरी नगरपालिकाले स्वीकृत गरे बमोजिमका सङ्गठन संरचना र कर्मचारीको दरबन्दी रहनेछ ।

२)उपनियम(१) बमोजिमका कर्मचारी नियुक्त नभए सम्मको लागि नगरपालिकाले कुनै कर्मचारीलाई परिषद्मा काम गर्ने गरी खटाउन सक्नेछ ।

## परिच्छेद–७

## परिषद्को कोष सम्बन्धी व्यवस्था

**२३. परिषद्को कोषः** १) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

२) उपनियम(१)बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

क) सङ्घीय सरकार प्रदेश सरकार र नरपालिका बाट प्राप्त रकम ।

ख) कुनै व्यक्तिवा सङ्घ संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम ।

ग) अन्तर्राष्ट्रिय सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

घ) युवा सम्बन्धी सङ्घ संस्थालाई आबद्धता प्रदान गर्दा तथा नवीकरण शुल्क ।

ङ) परिदले आन्तरिक स्रोत परिचालन बाट आर्जित रकम ।

च) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपनियम (२) को खण्ड (ग) बमोजिमको रकमप्राप्त गर्नु अघि परिदले नगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४) परिषद्को नामबाट गरिने सबै खर्चहरू उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

५) परिषद्को कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धमा अन्य कुराहरू तोकिए बमोजिम हुनेछ ।

**२४. लेखा र लेखा परिक्षणः** १) समितिले आफ्नो आयव्ययको लेखा र लेखा परीक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

२)नगरपालिकाले परिषद्को आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत निरीक्षण गर्न गराउन सक्नेछ ।

३) परिषद्को लेखा परीक्षण नगरपालिकाले गराउने छ ।

## परिच्छेद–८

## विविध

**२५. भाग लिन नहुनेः** परिषदको कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**२६. उप समिति वा कार्यदल गठन गर्न सक्नेः**१) परिदले यो कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

२) उपनियम(१)बमोजिम गठित उप समिति वा कार्यदलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

**२७. वार्षिक प्रतिवेदनः**१)परिदले आफूले वर्ष भरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

२)उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र युवा क्लवहरुले बर्सभरिमा सम्पादन गरेका कामहरू र तिनको उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषदबाट भएका अन्य काम कारबाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

**२८.निर्देशन दिन सक्नेः**१) नगरपालिकाले परिषद्को काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम दिइएको राय सुझाव तथा निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**२९. अधिकार प्रत्यायोजनः**१) परिदले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समिति, अध्यक्ष वा उपाध्यक्षलाई वा सदस्य सचिव प्रत्यायोजन गर्न सक्नेछ ।

२) कार्यकारी समितिले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य–सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३०.शपथ ग्रहण गर्नु पर्नेः** परिषद् र कार्यकारी समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषद्को अध्यक्ष समक्ष अनुसूची ३ बमोजिमको शपथ लिनु पर्नेछ ।

**३१. सहयोग गर्नु पर्नेः** परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु नगरपालिका र मातहतका निकायको कर्तव्य हुनेछ ।

**३२.परिषद् विघटनः** परिदले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत परिषद् वा कार्यकारी समिति विघटन गर्न सक्नेछ ।

**३३. समर्पक राख्नेः** परिषद्ले सङ्घीय सरकार र प्रदेश सरकारसँग सम्पर्क र समन्वय गर्नु परेमा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

**३४.विनियम बनाउने अधिकारः** १)यो कार्यविधिको अधीनमा रही परिदले आवश्यक विनियम वा निर्देशिका बनाइ स्वीकृति कालागि नगरपालिकामा पेस गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम वा निर्देशिका बनाउँदा परिदले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**३५.कार्यविधिको व्याख्याः**

यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

गौरीगङ्गा राजपत्र

अनुसूची–१

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

**युवा क्लब तथा सङ्घ संस्थाहरूले आबद्धताका लागिदिने निवेदनको ढाँचा**

मितिः......................

श्री गौरीगङ्गा युवा परिषद्
गौरीगङ्गा नगरपालिका ।

विषयः आबद्ध हुन पाऊँ ।

गौरीगङ्गा नगरपालिकाको गौरीगङ्गा युवा परिषद् कार्यविधि, २०७८ बमोजिम परिषद्सँग आबद्ध हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आबद्धताका लागि यो निवेदन पेस गरेको छु । परिषद्सँग आबद्धता भएमा पालना गर्नुपर्ने सर्तको पालना गर्न मन्जुर छौं ।

१. सङ्घ वा संस्थाको नामः

२.सङ्घ वा संस्थाको ठेगानाः ......... जिल्ला .......... पालिका ............ वडा नं. ........

(क) फोन नम्बर ................. (ख) फ्याक्स नं. ............................

ग)ईमेलः ................................ घ) वेभसाईटः ................................

३. सङ्घ वा संस्थाको नवीकरण बहाल रहने अवधिः

४. सङ्घ वा संस्थाका मुख्य पदाधिकारीको नाम, ठेगाना र सम्पर्कः

क)

ख)

५. संलग्न गर्नु पर्ने कागजातहरुः

क) सङ्घ वा संस्था दर्ताको प्रमाणपत्रः

ख) निवेदक सङ्घ वा संस्थाको विधानको प्रतिलिपिः

ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनः

घ) आबद्ध हुने निर्णयको प्रतिलिपि

निवेदककोः

नाम,थरः ठेगानाः

दस्तखतः पदः

सङ्घ वा संस्थाको नामः ठेगानाः

--------------

संस्थाको छापः

गौरीगंगा राजपत्र

## अनुसूची २

(नियम ११ को उपनियम (४) सँग सम्बन्धित)

**परिषद्मा आबद्धताको प्रमाणपत्र**

श्री.....................................ले मिति..........................मा यस परिषद्मा आबद्ध हुन पाऊँ भनी दिएको निवेदन उपर कारबाही हुँदा परिषद्को मिति .............. को निर्णयअनुसार त्यस युवा क्लब/सङ्घ वा संस्थालाई गौरीगङ्गा युवा परिषद् कार्यविधि, २०७८ को नियम १३ को उपनियम (४) बमोजिम गौरीगङ्गा युवा परिषद्मा आबद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. आबद्धता नम्बरः

२.आबद्धता कायम रहने अवधिः

प्रमाण-पत्र जारी गर्ने अधिकारीको

नाम,थरः–

पदः–

मितिः–

समितिको छापः–

यस पानाको पछाडि नवीकरण सम्बन्धी विवरण रहने

| सि.नं. | नविकरण मिति | नविकरण बहाल रहने मिति | नविकरण शुल्क र रसिद नं. | नविकरण गर्ने कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

गौरीगङ्गा राजपत्र

## अनुसूची ३
(नियम ३० सँग सम्बन्धित)

**शपथ**

म .......................(नाम) मुलुक र जनता प्रति वफादार रही सत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्छु/देश र जनताका नाममा शपथ लिन्छु कि गौरीगङ्गा नगरपालिका गौरीगङ्गा युवा परिषद्को.............. पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझे सम्म कर्तव्य सम्झी देश तथा समाज प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमानदारीपूर्वक प्रचलित कानुनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा सङ्केत गर्ने छैन ।

शपथ ग्रहण गर्नेको: शपथ ग्रहण गरेको प्रमाणित गर्नेको:

नामः नामः

दस्तखतः दस्तखतः

मितिः मितिः

पदः पदः

आज्ञाले

हरिदत्त भट्ट

प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र